# सुन्दरहरैंचा राजपत्र

सुन्दरहरैंचा नगरपालिकाद्वारा प्रकाशित

खण्ड-६, सङ्ख्या-७ सुन्दरहरैंचा राजपत्र, २०७९

भाग-२

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैंचा नगरपालिकाको कार्यपालिकाले यो कार्यविधी बनाई लागु गरको छ ।

# आर्थिक सहायता कार्यविधि, २०७९

प्रमाणीकरण मिति : २०७९/०४/१५

मूल्य रु. १०।-

CamScanner

# सुन्दरहरैंचा राजपत्र

## सुन्दरहरैंचा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड-६, भाग-१, सङ्ख्या-७, सुन्दरहरैंचा राजपत्र, मिति : २०७९/०४/३०**

**प्रमाणीकरण मितिः २०७९/०४/१५**


## आर्थिक सहायता कार्यविधि, २०७९

**प्रस्तावनाः** सून्दरहरैंचा नगरपालिकावाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी एवम् प्रभावकारी रुपमा प्रवाह गर्न र सहायताप्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी वनाई अपेक्षित परिणाम हासिल गर्न, तथा सुन्दरहरैंचा नगरपालिकाको आर्थिक सहायता कोषको सही सदुपयोग तथा परिचाल गर्न, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरि सून्दरहरैंचा नगरपालिकाको कार्यपालिकाले यो कार्यविधी वनाई लागू गरेको छ।

### परिच्छेद- १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम **सुन्दरहरैंचा नगरपालिका आर्थिक सहायता वितरण कार्यविधी, २०७९** रहेको छ। यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) **नगरपालिकाः** भन्नाले सुन्दरहरैंचा नगरपालिकालाई वुझाउछ।

ख) **नगरप्रमुखः** भन्नाले सुन्दरहरैंचा नगरपालिकाको नगरप्रमुखलाई वुझाउछ।

ग) **प्रमुख प्रशासकीय अधिकृतः** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नेपाल सरकारले सुन्दरहरैंचा नगरपालिकाको प्रशासनिक प्रमुखको रूपमा कामकाज गर्न खटाएको अधिकृतलाई जनाउंदछ ।

घ) **आर्थिक सहायताः** भन्नाले कुनै पनि किसिमको दैविक वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको व्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक वा जिन्सी सहयोग भन्ने बुझाउंछ ।

ङ) **दैवी विपत्तिः** भन्नाले भुकम्प, बाढी, पहिरो, चट्यांङ, हुरीबतास, असिना, शितलहर, तातो हावाको लहर जस्ता प्रकृतिक रूपमा सिर्जना हुने प्रकोप भन्ने बुझाउछ ।

च) **मानवीय विपत्ति** भन्नाले मानिसका कारणवाट भएको आगलागी महामारी हुलदंगा जल औधोगिक दुर्घटना विषाक्त खाद्य सेवन विषाक्त ग्यास रसायन वा विकिरण चुहावट जस्ता विपत्ति भन्ने बुझाउंदछ ।

छ) **दीर्घ रोगः** भन्नाले क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धी रोग र एच आई भि एड्स आदी जस्ता रोग बुझाउछ ।

ज) **आबश्यक कागजातः** भन्नाले यस कार्यविधि वमोजिम आर्थिक सहायता लिनका लागि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्ने कागजातलाई बुझाउदछ ।

झ) **आर्थिक रूपले विपन्नः** भन्नाले सुन्दरहरैंचा नगरपालिकाले आफ्नै कार्यविधि बनाई तोकिएको खण्डमा बाहेक यस कार्यविधी वमोजिम निर्णय भई आर्थिक रूपमा विपन्न भनि तोकिएको व्यक्तिलाई जनाउंदछ ।

ट) **हिंसा पिडितः** भन्नाले जनयुद्धमा मानसिक र शारिरिक रूपमा पिडित भएका व्यक्ति, घरेलु, महिला, यौन लगायतका विविध प्रकारका हिंसामा परेका व्यक्तिहरूलाई जनाउदछ ।

ठ) **विपन्न गर्भवति महिलाः** भन्नाले यस कार्यविधि वमोजिम विपन्न भनि तोकिएका गर्भवती र सुत्केरी भएको अवस्थामा पोषण खानेकुरा खान नपाएका भनि तोकिएका गर्भवति महिलाहरूलाई जनाउंदछ ।

ड) **बेसाहारा जेष्ठ नागरीकः** भन्नाले नेपाल सरकारले जेष्ठ नागरीक भनि तोकिएका व्यक्तिहरू मध्ये परिवारको संरक्षणबाट वञ्चितिमा परेका असहाय वृद्ध आमाबुबालाई जनाउदछ ।

**आकस्मीक कोषः** भन्नाले यस कार्यविधि अनुसार आर्थिक सहायत वितरण गर्नका लागि स्थापना गरीएको कोषलाई जनाउदछ ।

## परिच्छेद–२

## सहायता रकम

संकटहरू पूर्ण रुपमा समाधन गर्न नसकिने र न्यूनिकरणका उपायहरु अपनाउदा समेत संकट आईपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भए पनि राहात पुग्ने महशुस गर्दै तपसिल अनुसारको शीर्षकमा तपसिल अनुसारको आर्थिक सहायता नगद वा जिन्सी मालसामान कार्यपालिकाको बैठकको निर्णयानुसार प्रदान गर्न सकिनेछ । आकस्मिक रूपमा नगद वा जिन्सी सामाग्रि उपलब्ध नगराएमा कालान्तरमा झन वढि ठूलो क्षति हुने अवस्था आएमा नगरप्रमुखबाट रू ५००।०० देखी रू २५,०००।०० सम्मको आथिक सहायता उपलब्ध गराउन सकिने छ । निरपेक्ष गरिवीको रेखामूनी रहेको भनि प्रमाणीत भएका मुटु, मृगौला, फोक्सो कलेको जस्ता शारिरका महत्वपूर्ण अंगहरूका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरू, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवम वेचविखनमा परेका महिलाहरू, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारीसे अबस्थामा फेला परेको, ऋणको कारणले वन्धकमा परेको वा जवरजस्ती श्रमवाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारवाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, वावु वा आमा कारागार वा हिरासतमा रहको वा कुनै कसुरसंग सम्वन्धित रहेको कारणले वेवारीसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, वेचविखन वा ओसार पसारमा परेको, हिंसा पीडित, वावु आमा वा संरक्षकवाट वन्चित अपांगता भएको, मस्त मनस्थिति भएको, अपहरण वा शारिर वन्धकमा परेका सडक वालवालिका, एचआईभी एड्सबाट संक्रमित वालबालिका, वेसाहारा वृद्धवृद्धा लगायतलाई घटनाको प्रकृति हेरी रू १० हजार भन्दा माथि आर्थिक सहायता प्रदान गर्दा विपद व्यवस्थापनको सिफारीसका सहित कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

३ (क) मृत्यु भएका मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी

| सि.नं. | कारण | सहायता गर्न सकिने रकम |
|---|---|---|
| १ | काजक्रिया खर्च | १०,०००।०० |
| २ | मृत्यु भएका परीवारलाई प्रति व्यक्ती | १,०००००।०० |
| ३ | गोठ र टहरामा आगलागी भएमा | १०,०००।०० |
| ४ | घरमा आगलागी भई घरका सबै सामाग्री जलेर नस्ट भएमा | ५०,०००।०० |

**वितरणका आधारहरू:**

(क) प्रहरी सरर्जमिन मुचुल्का

(ख) प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारीस पत्र

(ग) निवेदन

(घ) सम्भव भए सम्म तस्वीर (फोटो)

**(ख) घाईते तथा उपचारको क्रममा रहेको**

| सि.नं. | कारण | सहायता गर्न सकिने रकम |
|---|---|---|
| | सबै प्रकारका घाईते र उपचारमा रहेका व्यक्तिहरूलाई | बढीमा ३००००।०० |

**वितरणका आधारहरू:**

(क) बिरामी टर्ता पूर्जा (**Prescription**)

(ख) प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

(ग) सम्बन्धित बिरामी वा संरक्षणको निवेदन

**ग. गम्भीर प्रकृतिक रोगीहरू (रोगी उपचारको क्रममा हुनुपर्ने)**

| सि.नं. | कारण | सहायता गर्न सकिने रकम |
|---|---|---|
| ३(ग)(१) | सबै प्रकारका रोगबाट पिडितहरूका लागि | न्यूनतम ५००० देखी बिरामीको प्रकृति हेरी बढीमा रु ५१,०००।- |

**घ. प्राकृतिक प्रकोपमा परि घरटहरा चौपाया नोक्सान भएमा**

| सि.नं. | कारण | सहायता गर्न सकिने रकम |
|---|---|---|
| ३(घ)(१) | प्राकृतिक प्रकोपमा परी घर टहरा नोक्सान भएमा | २५०००।०० र ३ बण्डल जस्ता पाता |
| ३(घ)( | प्राकृतिक प्रकोपमा परी खाद्यान्न बाली | प्रति कट्ठा ३०००।०० दरले |

| | | |
|---|---|---|
| २) | नोक्सान भएमा | क्षतिपूर्ती |
| ३(घ)(३) | प्राकृतिक प्रकोपमा परी चौपाया नोक्सान भएमा | क्षतीको विवरण हेरी रु ५००० देखी १००००००/०० सम्म । |

**वितरणका आधारहरू:**

(क) प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

(ख) प्राकृतिक प्रकोप भएको अवस्थाको फोटो

(ग) सम्वन्धित व्यक्तिको निवेदन ।

(घ) घटनाको प्रकृति हेरी प्रहरी मुचुल्का ।

## परिच्छेद – ३
## समयावधी

५. विपद्ले जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा परेको प्रतिकुल प्रभाव र असरलाई कम गर्न, दैनिक जीवन यापनमा केही हदसम्म सहजता ल्याउन नियमानुसार राहत रकम प्राप्त गर्ने गराउनु पर्ने व्यक्तिहरुको निवनेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेकको अवस्थामा १५ दिन भित्र सम्वन्धित निवेदकलाई उपलब्ध गराईनेछ ।

## परिच्छेद– ४
## विविध

७. **आकस्मीक कोषः** यस कार्यविधी अनुसार आर्थिक सहायत दिने एव्रम् प्राकृतिक एवम् गैह प्राकृतिक प्रकोप पिडितलाई राहत, उद्धार तथा पुनर्स्थापना गर्ने तथा अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनका लागि एक आकस्मीक कोष स्थापना गरिने छ । उल्लेखित कोषमा देहाय वमोजिम रकम जम्मा गरिने छ ।

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारवाट आकस्मीक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसस्थावाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्दार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(घ) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

(ङ) आकस्मीक कोष सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

६. (क) यस कार्यविधी बमोजिम आर्थिक सहायता लिएका व्यक्तिको तिनपुस्ते विवरण मासिक रुपमा नगरपालिकाले सार्वजनिक गर्नेछ ।

(ख) यो कार्यविधिका कुनै दफाहरू संघीय, प्रदेश र अन्य प्रचलित कानूनको प्रतिकूल हुने गरी बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

७. यस अघि प्रदान गरिएको आर्थिक सहायता यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले
विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत